पञ्चपुरी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कृषि विकास उप शाखा
बाबियाचौर,सुर्खेत
कर्णाली प्रदेश,नेपाल

**५० प्रतिशत अनुदानमा बर्षे फलफूलको बिरुवा वितरण कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।**
**प्रथम पटक सूचना प्रकाशित मिति: २०८०/०२/१८**

पञ्चपुरी नगरपालिका कृषि विकास उप शाखा सुर्खेतको आ.व २०७९/०८० को स्वीकृत वार्षिक कार्यक्रम चौथो त्रैमासिकमा ५० प्रतिशत अनुदानमा बर्षे फलफूलको बिरुवा बितरण कार्यक्रम सञ्चालन गर्नु पर्ने भएकाले इच्छुक कृषक, कृषक समूह/कृषि सहकारी/कृषि फर्महरुले आवश्यक कागजात सहित सूचना प्रकाशित भएको ३० दिन भित्र (२०८० साल असार १५ गते )भित्र यस कृषि विकास उप शाखामा निवेदन दर्ता गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि पञ्चपुरी नगरपालिका कृषि विकास उप शाखा वा वडा कार्यालयमा सम्पर्क गर्नु हुन समेत जानकारी गरिन्छ । साथै रित नपुगी र म्याद नाघेर आएका निवेदन माथी कुनै कारबाहि हुने छैन ।

**निवेदन साथ पेश गर्नु पर्ने कागजातहरु :**

- कृषक,कृषक समूह/कृषि सहकारी/कृषि फर्मको नाम, ठेगाना, सर्म्पक न., उल्लेख भएको निवेदन ।
- कृषक समूह/कृषि सहकारीले गरेको निर्णयको प्रतिलिपी ।
- दर्ता प्रमाण " पत्रको प्रतिलिपि ।
- कृषकको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

नोट : पहिले कुनै पनि अनुदान नपाएका सहकारी,फर्म र समुहहरुलाई विषेश प्राथामिकता दिईने छ ।

दिर्पेन्द्र न्यौपाने २०८०।२।१८
कृषि बिकास उप-शाखा प्रमुख